**मिति २०७६ भाद्र २६ गते बसेको ४८ औं कार्यपालिकाको बैठकमा पेश भएका प्रस्ताव तथा निर्णयहरुः**

**प्रस्तावहरुः**

१. नदी जन्य पदार्थको ठेक्का, कवाडी कर र बसपार्क पार्किङ्ग शुल्क ठेक्का सम्बन्धमा ।
२. घर वहाल सम्बन्धमा ।
३. सडक बाटो मापदण्ड सम्बन्धमा ।
४. वारेसनामा सम्बन्धमा ।
५. ईट्टा उद्योग नविकरणका लागि सिफारिस सम्बन्धमा ।
६. हराएको मोटरसाईकल लगतकट्टा सम्बन्धमा ।
७. सडक योजनाहरु सर्वेक्षण सम्बन्धमा ।
८. विपद् व्यवस्थापन सम्बन्धमा ।
९. वडा नं. १२ वडा कार्यालय सार्ने सम्बन्धमा ।
१०. वडा कार्यालयहरु व्यवस्थापन गर्ने सम्बन्धमा ।
११. विभिन्न संस्थाहरुलाई आर्थिक सहयोग सम्बन्धमा ।
१२. चाख्ले खोलाको ठेक्का सम्बन्धमा ।
१३. पुराना घर/नक्सा अभिलेखीकरण सम्बन्धमा ।
१४. सञ्चालन अनुमति सम्बन्धमा ।

**निर्णयहरू :**

**निर्णय नं.१ :** आर्थिक वर्ष २०७६/७७ का लागि देहाय बमोजिम आन्तरीक आय संकलन तर्फका ठेक्काहरुलाई स्वीकृत/समर्थन गर्ने निर्णय गरियो :

**तपशिल**

| क्र. सं. | आन्तरीक आय तर्फको ठेक्काको विवरण | न्यूनतम ठेक अंक रु. (मू.अ.कर वाहेक) | ठेक्का स्वीकृत फर्म/कम्पनीको नाम | स्वीकृत रकम रु. (मू.अ.कर वाहेक) |
|---|---|---|---|---|
| १. | पर्किङ्ग शुल्क (अत्तरीया बसपार्क) | ६,६००,०००।- | रेखा निर्माण सेवा लम्की चुहा २, कैलाली | ९,८००,०००।- |
| २. | कवाडी कर | ५५०,०००।- | भूमीराज बिल्डर्स प्रा.ली., धनगढी ४ | ५,२००,००१।- |
| ३. | खुटिया नदीबाट नदीजन्य पदार्थ बिक्री शुल्क संकलन | ५६,०००,०००।- | स्वाँर कन्स्ट्रक्सन प्रा.ली., रिडीकोट २, अछाम | ८०,०००,०००।- |
| ४. | खैराना नदीबाट नदीजन्य पदार्थ बिक्री शुल्क संकलन | ८,५००,०००।- | स्वाँर कन्स्ट्रक्सन प्रा.ली., रिडीकोट २, अछाम | १५,०००,०००।- |
| ५. | गोदावरी नदीबाट नदीजन्य पदार्थ बिक्री शुल्क संकलन | ५,५००,०००।- | श्री भवानी कन्स्ट्रक्सन प्रा.ली., भि.न.पा. १८, कंचनपुर | १८,१००,०१०।- |

**निर्णय नं.२ :** कार्यालयको लागि कोठाको संख्या न्यून भएकोले कार्य सञ्चालन सहज गर्नको लागि आवश्यकता अनुसार हालको कार्यालय नजिक घर भाडामा लिन प्रक्रिया अगाडी बढाउन निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.३ :** गोदावरी नगरपालिका भित्र रहेका सडक बाटोको मापदण्ड अनुसार हालको चौडाईको विवरण अद्यावधिक गरी वर्गिकरण गर्नको लागि प्रतिवेदन पेश गर्न निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४ :** खुटिया नदी र नेपाल विद्यालय कर्मचारी यूनियनको तर्फबाट गोदावरी नगरपालिकाको नाममा सम्मानित अदालतबाट जारी भएको आदेशको प्रत्युत्तर गर्न यस कार्यालयमा कार्यरत रोजगार संयोजक श्री रामलाल भट्टलाई वारेस तोक्ने निर्णय गरियो ।

**निर्णय नं.५ :** गोदावरी नगरपालिका भित्रको ईट्टा उद्योगहरुलाई कानून बमोजिम दर्ता नविकरणको सिफारिस/सहमती दिन निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.६ :** से. १ ब. ५५३ नं. को मोटरसाईकल हराएको र बीमा कम्पनीबाट विमित रकम प्राप्त भई सकेकोले जिन्सी अभिलेखबाट लगत कट्टा गर्न पेश भएकोमा समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नं.७ :** आ.व. २०७६/७७ को कार्यक्रममा समावेश भएका सडक योजनाहरु सर्वेक्षण गरि निर्माण प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.८ :** वडा नं. १ देखि वडा नं. १२ का विद्यालयहरु मध्ये २०७६/०२/२३ गतेको हावाहुरीबाट भएको क्षतिको पुनः निर्माण गर्न विपद् व्यवस्थापन समितिबाट भएको निर्णय अनुसार प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.९ :** गोदावरी नगरपालिका वडा नं. १२ स्थित सृजनात्मक दिगो विकास समाजको कार्य समिति र नागरिकको तर्फबाट सर्वपक्षीय निर्णय गरि उक्त संस्थाको घर वडा कार्यालयलाई दिने सहमती प्राप्त भएकोले वडा कार्यालयको सिफारिसको आधारमा वडा कार्यालय उक्त ठाँउमा सार्ने र व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१० :** गोदावरी नगरपालिकाका प्रत्येक वडामा १ थान कुर्सी, १ थान सोफा, दराज, White Board, झण्डा खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.११ :** राष्ट्रिय स्तरको कार्यक्रम सञ्चालन गर्न देहायका संघ, संस्थाहरुबाट कार्यक्रम सञ्चालन खर्च माग भएकोमा उपलब्ध गराउने निर्णय गरियो ।

**देहाय :**

| क्र.सं. | संस्थाको नाम | रकम |
|---|---|---|
| १. | अत्तरिया जेसिज | रु. ८,००,०००/- |
| २. | ईण्डो कराँते संघ | रु. ७,००,०००/- |
| ३. | गोदावरी चेम्बर अफ कमर्स | रु. ५,००,०००/- |

**निर्णय नं.१२ :** चाख्ले खोलाको ठेक्का प्रक्रिया अविलम्व अगाडी बढाउन प्रदेश स्तरीय भौतिक पूर्वाधार विकास मन्त्रालय सुदूरपश्चिम प्रदेश धनगढी, कैलालीलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३ :** गोदावरी नगरपालिका भित्र अभिलेखीकरणको लागि पेश भएका फाईलहरुको सम्बन्धमा फिल्ड प्रतिवेदनको आधारमा दोब्बर दस्तुर लिई अभिलेखीकरण गर्न सम्बन्धित विभागको राय समेत लिई अभिलेखीकरण गरिदिने निर्णय गरियो ।

**निर्णय नं.१४ :** गोदावरी नगरपालिका वडा नं. ४ मा रहेको गोदावरी गुरुकुल संस्कृत विद्यापीठबाट कक्षा ३ थपको लागि प्रस्ताव पेश भएकोमा स्विकृति दिने निर्णय गरियो ।

**निर्णय नं.१५ :** आ.व. २०७५/०७६ को ठेक्का नं. NCB/02/075/076, नेपाल टेलिकम पछाडी ढल निकास निर्माण कार्यको खरिद सम्झौताको म्याद थप गरिपाउ भनी श्रीलक्ष्मी विल्र्डस कैलालीको निवेदन र प्राविधिकको प्रतिवेदन बमोजिम म्याद समाप्त भएको मिति देखि २०७६ मंसिर १५ गते सम्म कानून बमोजिम म्याद थप गर्ने निर्णय गरियो ।